त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
Office of the Rector
# समन्वय महाशाखा
# COORDINATION DIVISION

कीर्तिपुर, काठमाडौं
नेपाल
Kirtipur, Kathmandu
Nepal

त्रिशिक्षाध्यक्षको कार्यालय समन्वय महाशाखा त्रि.वि.कीर्तिपुर

पत्र संख्या / Ref. No.: स.शा. (४) च.नं. १३२६/०८२/०८३

मिति / Date: २०८३।०२।१८

श्री त्रिविका सम्पूर्ण आंगिक क्याम्पस तथा कार्यालयहरु ।

विषयः- **पुरस्कार सम्बन्धमा ।**

त्रिभुवन विश्वविद्यालयको ६७ औं वार्षिक दिवसको अवसरमा दाताहरुबाट विभिन्न विद्यामा स्थापित पुरस्कारको लागि आवेदन आह्वानको निम्ति मिति २०८३।०२।१४ को गोरखापत्र दैनिकमा प्रकाशित सूचना यसै साथ संलग्न गरिएको छ । सम्बन्धित विद्यार्थीहरुलाई पुरस्कारसम्बन्धी सूचना सम्प्रेषण गरी जानकारी गराईदिनुहुनका लागि अनुरोध छ । साथै उक्त सूचना त्रिविको वेबसाइटमा समेत उपलब्ध रहेको पनि जानकारी गराउँदछु ।

-------------
दिपक तिवारी
प्रमुख

# त्रिभुवन विश्वविद्यालय
## शिक्षाध्यक्षको कार्यालय
## समन्वय महाशाखाको पुरस्कार सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८३।०२।१४**

विभिन्न दाताहरूद्वारा त्रिविको वार्षिक दिवसको अवसरमा प्रदान गर्नेगरी स्थापित पुरस्कारहरूमध्ये त्रिभुवन विश्वविद्यालयको ६७औं वार्षिक दिवसको अवसरमा त्रिविका अध्ययन संस्थान र संकाय अन्तर्गत आ.व. २०८१।०८२ (२०८१ श्रावणदेखि २०८२ असार मसान्तसम्म) को लागि तपसिलबमोजिमका नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने भएकोले निम्नबमोजिम उल्लेख गरिएका पुरस्कारहरूको नाममा निर्धारित मापदण्डभित्र पर्ने विद्यार्थीहरूले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आइपुग्ने गरी सम्बन्धित क्याम्पस/कार्यालयको पत्रसहित अध्ययनसँग सम्बन्धित डिन कार्यालयमा दुई/दुई प्रति शोधपत्र, व्यक्तिगत विवरण, पासपोर्ट साइजको फोटो, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि (स्नातकोत्तर तहको ट्रान्सकृप्ट र मूल प्रमाणपत्रको प्रतिलिपि) समेत संलग्न गरी आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ। निर्धारित १५ दिनभित्र सम्बन्धित डिन कार्यालयहरूमा प्राप्त भएका आवेदनहरू डिन कार्यालयहरूले ५ दिनभित्र समन्वय महाशाखामा सिफारिस सहित पठाउनु पर्नेछ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुने आवेदनहरू उपर कुनै कारबाही नहुने व्यहोरा अवगत गराउँदै आवेदनसाथ प्राप्त शोधपत्रहरूको मूल्याङ्कनपछि उत्कृष्ट ठहरिएकोलाई पुरस्कृत गरिने र अन्य फिर्ता गरिनेछ। पुरस्कारसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार त्रिविमा सुरक्षित रहने छ।

**१. श्री कृष्णचन्द्र रेग्मी पुरस्कार, कोटा-१**

क) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र र कानून सङ्काय अन्तर्गतका विद्यार्थीहरूले "नेपालसम्बन्धी" विषयमा शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने।

ख) प्रमाणपत्रसहित नगद रु. ५,००१।- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र)

**२. श्री महेशचन्द्र- मनदेवी रेग्मी पुरस्कार, कोटा-१**

क) मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विद्यार्थीहरूले "अर्थशास्त्र वा इतिहास" विषयमा शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने।

ख) प्रमाणपत्रसहित नगद रु. २०,००१।- (अक्षरेपी बीस हजार एक रुपैयाँ मात्र)

**३. श्री बाबुकृष्ण रिजाल पुरस्कार, कोटा-१**

क) मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विद्यार्थीहरूले **"नेपाली, इतिहास, संस्कृति र पुरातत्त्व"** विषयमा उत्कृष्ट शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने।

ख) प्रमाण पत्रसहित नगद रु. २५,००१।- (अक्षरेपी पच्चिस हजार एक रुपैयाँ मात्र)

**४. बेलुविश्वेश्वर चटौत स्मृति पुरस्कार, कोटा-३ (भाषा विज्ञानमा-१, पत्रकारितामा-१, अपाङ्ग-१)**

क) त्रिवि मानविकी तथा सामाजिकशास्त्र सङ्कायका आङ्गिक क्याम्पसबाट भाषा विज्ञान र पत्रकारिता विषयमा स्नातकोत्तर तहका विद्यार्थी भर्ना समूह २०७७-२०७९ को त्रिविबाट सञ्चालित नियमित अन्तिम परीक्षासम्म कुनै पनि विषय फेल नभई (हरेक खण्डको एकैपटक पूरा विषय) उत्तीर्ण गरी सर्वोत्कृष्ट अंक हासिल गरेका र मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहमा अपाङ्ग विद्यार्थीमध्ये सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ जना २०८० सालको दीक्षान्त कार्यक्रममा सहभागी भएको तथा ग्रेस लिष्टमा नामाङ्कन भएका विद्यार्थी हुनुपर्ने।

ख) प्रमाण पत्रसहित नगद जनही रु. २५,०००।- (अक्षरेपी पच्चिस हजार मात्र)

नोटः १. सम्बन्धित क्याम्पसबाट भर्ना प्रमाणित पत्र पेश गर्नुपर्ने।

२. बेलुविश्वेश्वर चटौत स्मृति पुरस्कारका लागि आवेदन दिने विद्यार्थीहरूले शोधपत्र (थेसिस) बुझाउन नपर्ने।

३. उल्लेख गरिएका सबै कागजातहरू अनिवार्य रूपमा आवेदनसाथ पेश गरेको हुनुपर्ने छ।

**प्रमुख, समन्वय महाशाख**
**त्रिवि, कीर्तिपुर, काठमाडौं, फोन नं ०१-४३३१०४४**
Email- info.cd@tu.edu.np